# सूचना प्रविधि ऐनको मस्यौदा माथि छलफल कार्यक्रम सम्बन्धि

## प्रेस विज्ञप्ति

माननीय सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्री गोकुल प्रसाद बास्कोटाको सम्उपस्थितिमा, सूचना प्रविधि ऐनको मस्यौदा माथि विभिन्न सरोकारवालाहरुसँग छलफल सम्पन्न भयो। सो मस्यौदामा हालको विद्युतीय कारोबार ऐनमा रहेको विद्युतीय कारोवार तथा डिजिटल हस्ताक्षर सम्बन्धि प्रावधानहरुलाई समयानुसार अध्यावधिक गरिएको, विद्युतीय शासन सम्बन्धि,  डोमेन नाम दर्ता तथा व्यवस्थापन सम्बन्धि, सूचना प्रविधि व्यवसाय सम्बन्धि, सूचना सुरक्षा सम्बन्धि, साइबर सुरक्षा सम्बन्धि, सेवा प्रदायक सम्बन्धि र समयानुसार अध्यावधिक साइवर कसूर तथा सजाय सम्बन्धि प्रावधानहरु रहेको छ।

उक्त छलफल कार्यक्रममा सूचना प्रविधि सम्बन्धि व्यवसायलाई सहजीकरण गर्ने व्यवस्था, साइवर अपराधलाई थप स्पष्ट व्याख्या गर्नुपर्ने, ऐनमा सारभुत प्रावधानहरुलाई राखी विस्तृत विवरण नियमावलीमा राखुपर्ने, सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्नुपर्ने, कसुरको प्रकृति अनुसार मुद्दा चल्ने प्रावधानहरु फरक-फरक राखु पर्ने जस्ता सुझावहरु आएका थिए।

मा. राज्यमन्त्रीले ऐनको मस्यौदा सूचना प्रविधिको विकास र प्रवर्द्दन गर्दै सोको अधिकतम तथा व्यवस्थित प्रयोग सुनिश्चित गर्ने गरी अगाडि बढाइने तथा ऐनमा प्राप्त सुझावहरुका अतिरिक्त समावेश गर्नुपर्ने सबै प्रावधानहरु समेटिने वताउनु भयो। साथै यो ऐन नियन्त्रण मुखी नहुने समेत बताउनु भयो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्गले ऐनको महत्वमा प्रकाश पार्दै, छलफलमा प्राप्त सूझावको लागि धन्यवाद दिदै उक्त सूझावहरुलाई यथोचित समावेश गरिने वताउनुभयो साथै सात दिन भित्र थप तथा संस्थागत सुझावहरु भएमा दिन अनुरोध गर्नुभयो।

छलफल कार्यक्रममा मन्त्रालयका पदाधिकारी, नेपाल सरकारका विभिन्न निकायका प्रतिनिधिहरु, व्यवसायीहरु, संवन्धित क्षेत्रका विज्ञहरु, प्राज्ञहरुका साथै संचारकर्मीहरुको उपस्थिति रहेको थियो।

रामचन्द्र ढकाल

सह-सचिव एवं प्रवक्ता

२०७५ वैशाख ४ गते, मंगलवार